# यस किताबलाई उपयोग गर्ने तरिका

यो पुस्तक, मुख्यतः सेन्दाईमा बसोवास गर्दै आउनुभएको समय 3 महिना भन्दा कम रहेका महानुभावहरु लाई लक्षित गरेर तयार पारिएको छ । सार्वजनिक हितको सँस्था सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय संघ (SenTIA) को अन्तर्राष्ट्रिय विभागको होमपेज (HP) मा, अझ विस्तृत जानकारी वा यस किताबमा नसमेटिएको जानकारीहरु पनि समेटिएको छ । अवश्य हेर्नुहोला ।  यस पुस्तकमा प्रयोग गरिएका जापानी भाषा विदेशी नागरिकहरु लाई लक्षित गरि, सरल जापानी भाषामा लेखिएको छ ।

सार्वजनिक हितको सँस्था सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय संघ (SenTIA) को अन्तर्राष्ट्रिय विभागको होमपेज (HP)

यो किताबमा, प्रयोग गरिएको जापानिज भाषा, बिदेशीनागरिकहरुको लागी भनेर, सरल जापानिज भाषामा बर्णन गरिएको छ ।

नोट 1) संक्षिप्त भाषा : जापानी भाषा → जा, अंग्रेजी भाषा → अं, चाइनिज भाषा → चा, कोरियन भाषा → को, माथि उल्लेख भएका भाषा बाहेक भियतनामी भाषा → भियतनामको रूपमा लेखेको छ ।
नोट 2) यस पुस्तकमा उल्लेख भएको सार्वजनिक उपभोगिय वस्तुमा लाग्ने शुल्कहरू परिवर्तन हुन सक्दछ।

## सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र

(खुल्ने समय : दैनिक 9:00-17:00 यधपी, नयाँबर्षको बिदा र महिनामा 1 वा 2 पटक हुने बिदा बाहेक)

विदेशी बासिन्दाहरूको सहज जीवनयापनको लागि परामर्श वा, बहुसांस्कृतिक समाजमा सामुदायिक विकास सँग सम्बन्धित परामर्शहरु पनि प्रदान गर्छौं ।
सेन्दाईको सहज जीवनयापन तथा पर्यटन स्थलको जानकारी पनि बहुभाषाहरूमा उपलब्ध गराउछौं ।
साथै, जापानी भाषा सिक्न इच्छुक व्यक्तिहरूको लागि जापानी भाषा कक्षाको बारेमा पनि जानकारी उपलब्ध छन ।

अंग्रेजी, चाइनिज, कोरियन, भियतनामी र नेपाली भाषाहरुमा चाँही, परामर्शकर्मी द्वारा सिधै परामर्श उपलब्ध हुनेछ ।
**TEL : 022-265-2471　इमेल : tabunka@sentia-sendai.jp**

अंग्रेजी, चाइनिज, कोरियन, भियतनामी, नेपाली, पोर्तुगाली, स्पेनी, थाई, रसियन, इन्डोनेशियन, तागालोग, इटालियन, फ्रान्सेली, जर्मनी, मलेसियन, खामेर, बर्मेली, मंगोलियन, सिंहला, हिन्दी, बंगाली, युक्रेनी भाषाहरु आदिमा कुरा गर्न चाहने व्यक्तिहरूले भने,
**दोभाषे सहायता टेलीफोन** (TEL : 022-224-1919) मा फोन गर्नुहोस ।

दोभाषे सहायता टेलीफोन HP

विदेशी नागरिकका लागिको **विशेषज्ञिय परामर्श कार्यक्रम** नियमित रूपमा सन्चालन गर्दै आएको छ ।
मियागी प्रान्त प्रशासकीय लेखनदास संघ, सेन्दाई वकिल संघ, सेन्दाई अध्यागमन बिभाग (इमिग्रेशन) मियागी श्रमिक ब्युरो, तोहोकु कर लेखनदास संघ, का कर्मचारीहरु सँग परामर्श लिन सकिन्छ । परामर्श नि:शुल्क हुनेछ । बुकिंग गर्न आवश्यक पर्नेछ ।

विशेर्षाज्ञेय परामर्श कार्यक्रम HP

# सिटी कार्यालय र वडा कार्यालयको प्रक्रिया आदि सम्बधि सोधपुछ

सिटी कार्यालय र वडा कार्यालयको प्रक्रिया आदि नबुझेको खण्डमा सेन्दाई सिटी बृस्तित कल सेन्टर 「भनिदेउ MORI नो MIYAKO हेल्पलाइन」 को प्रयोग गरौं । जापानी भाषा बाहेक 5 वटा भाषाहरूमा सहयोग गरिन्छ ।

| सेन्दाई सिटी बृस्तित कल सेन्टर 「भनिदेउ MORI नो MIYAKO हेल्पलाइन」<br>TEL : 022-398-4894 | |
|---|---|
| खुल्ने समय | वर्षभरि खुल्ने छ<br>8:00-20:00 (शनि, आइत र सार्वजनिक बिदा, डिसेम्बर 29 तारिक～जनवरी 3 तारिक 8:00-17:00) |
| उपलब्ध भाषाहरू | जापानी, अंगेजी, चाइनिज, कोरियन, भियतनामी, नेपाली, भाषाहरु<br>※ जापानी भाषा बाहेक यो तीन-पक्ष फोनबाट दोभाषे गरिनेछ । |

**●यस्तो बेलामा सम्पर्क गर्नुहोस●**

**(1) सिटी कार्यालय र वडा कार्यालयको प्रक्रिया बारेमा जान्न चाहनु भएमा**

कहाँ गएर कस्तो प्रकारको प्रक्रिया गर्दा हुन्छ,प्रक्रिया गर्नेबेलामा लिएर गनुपर्ने आवश्यक कागपत्रको बारेमा बताउनेछौं ।

उदाहरण
- ठेगाना परिवर्तन भयो
- बच्चा जन्मियो
- राष्ट्रिय स्वास्थ्य बिमा प्रक्रिया
- माई-नम्बर कार्डको लागि प्रक्रिया आदि ।




**(2) तपाईंले फोहोर बाहिर राख्ने प्रक्रिया जान्न चाहनु भएमा**

जस्तै तपाईंले फोहोर बाहिर राख्ने दिन वा फोहोर छुट्याउने तरिका आदि, फोहोर राख्ने नियमहरूको बारेमा बताउनेछौं ।

उदाहरण
- फोहोर निकाल्ने समय
- कागजको फोहोर (पत्रिकाहरू र कार्डबोर्डलाई छुट्याउने तरिका)
- क्यान, सिसाको बोतलहरू, प्लास्टिक बोतलहरू र ब्याट्रीहरू फाल्ने तरिका

**(3) कहाँ सम्पर्क गर्ने भनि थाहा नहुने बेलामा**

सिटी कार्यालय वा वडा कार्यालयको कुन ठाउँ मा सम्पर्क गर्दा हुन्छ भनेर थाहा नहुने बेलामा कल सेन्टरमा सम्पर्क गर्नुहोस् ।

※ यदि कल सेन्टरबाट जवाफ पाउन सक्नु भएन भने, सेन्दाई बहुसाँस्कृतिक केन्द्रमा सम्पर्क गरेर सोध्न सक्नुहुन्छ ।